आज मिति २०८१ साल चैत्र ११ गते सोमवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री श्री राजेश राई | |

२०८१/१२/११
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
२०७३

०८१/१२/११
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. स्काभेटर खरीदको मुल्याङ्कन स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने सम्वन्धमा

२. गाउँ शिक्षा समितिको सदस्यहरु मनोनयन सम्वन्धमा

३. कक्षा ११ को थप कक्षा सञ्चालन अनुमती सम्वन्धमा

४. पुस्तकालय व्यवस्थापनको लागि विद्यालयको छनौट सम्वन्धमा

५. वडा नं ६ को वडा कार्यालय भवन उद्घाटन कार्यक्रमको खर्च रकम भुक्तानी सम्वन्धमा

६. लाभग्राहिको नाम संसोधन सम्वन्धमा

७. जिल्ला भलिबल संघलाई आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यायलयले मिती २०८१/०८/१० गते "Procurement of Crawler Mounted Hydraulic Excavator" कार्यको लागि बोलपत्र आव्हान गरेको र २०८१/०९/११ गते आमचोक गाउँपालिकाको खरीद समितीले बीड खुल्ला गर्दा रित पूर्बक पेश भएका ५ वटा बोलपत्रहरुलाई यस आमचोक गाउँपालिकाको कार्यालयको मुल्याङ्कन समितीको निर्णय बमोजिम टेक्निकल स्पेसिफिकेसन मुल्याङ्कनका लागि खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश बिराटनगरका मेकानिकल ईन्जिनियरलाई पठाईएको र मेकानिकल ईन्जिनियरले मुल्याङ्कन गरी पठाए वमोजिम सार्वजनिक खरीद ऐन २०६३ को दफा २५(१) वोजिम गाउँपालिकाको खरीद समितिको सिफारिसको आधारमा बोलपत्र दाता श्री नेसनल फायर सेफ प्रा.लि को नाममा बोलपत्र स्वीकृत गरी सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) वमोजिम उक्त ऐनको दफा ४७ प्रयोजानर्थ ७ दिने आशयको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई आमचोक गाउँ शिक्षा ऐन २०८० को परिच्छेद :- ३ को दफा १६ को उपदफा (१) वमोजिम आमचोक गाउँ शिक्षा समितिको पदाधिकारीहरु तपशिल वमोजिम मनोनयन गर्ने ।

| क्र.सं. | कानुनी व्यवस्था | नाम | हालको पद | शिक्षा समितिको पद |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य | श्री अशोक राई | गाउँपालिका अध्यक्ष | संयोजक |
| २ | गाउँपालिकाले तोकेको गाउँ कार्यपालिकाका सदस्यहरु मध्ये बाट महिला तथा दलित दुइ जना | श्री मञ्जु भुजेल | कार्यपालिका सदस्य | सदस्य |
| | | श्री गोविन्दि परियार | कार्यपालिका सदस्य | सदस्य |
| ३ | सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट गाउँपालिकाले मनोनित गरेको कम्तिमा एक जना महिला सहित दुई जना प्रधानाध्यापक | श्री विनोद राई | प्र.अ. श्री लक्ष्मी मा.वि.,पाङ्चा | सदस्य |
| | | श्री मन्दिरा मगर | प्र.अ. श्री जनशिक्षा प्रा.वि.,दुम्माना | सदस्य |
| ४ | संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना | श्री अनिल राई | प्र.अ. श्री कन्चनजङ्गा इङ्लिस वोर्डिङ्ग स्कुल.,बालंखा | सदस्य |
| ५ | समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला सहित तिन जना | आर के वान्तवा | समाजसेवी आमचोक-२ | सदस्य |
| | | श्री कला राई | समाजसेवी आमचोक-४ | सदस्य |
| | | श्री रविन राई | समाजसेवी आमचोक-४ | सदस्य |
| ६ | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी | धन कुमार राई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ७ | शिक्षा शाखा प्रमुख | ज्ञान वहादुर राउत | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१२/११

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

०८१/१२/११
अशोक राई
अध्यक्ष

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई श्री पञ्चकन्या मा.वि.आमचोक-१ वासिङ्थर्पूमा कक्षा १० सम्म पठन पाठन भइरहेकोमा आगामी शैक्षिक सत्र २०८२ देखि कक्षा ११ थप गरि कक्षा सञ्चालन गर्न माग भइ आए वमोजिम गाउँ शिक्षा समितिको सिफारिस अनुसार जनशक्ति व्यावस्थापन र आर्थिक दायित्व सम्वन्धित विद्यालयले व्यहोर्ने गरी थप कक्षा सञ्चालन गर्न स्वीकृती दिने ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई गाउँ शिक्षा समितिको सिफारिस वमोजिम विद्यालयमा शैक्षिक सुदृढीकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत श्री चन्द्रेश्वर मा.वि.आमचोक-५, पावलामा पुस्तकालय व्यवस्थापन गर्नको लागि रु.६,५०,०००। (अक्षेरुपी छलाख पचासहजार मात्र) अनुदान उपलव्ध गराउने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई वडा नं ६ को वडा कार्यालय भवन उद्घाटन कार्यक्रमको जम्मा खर्च रकम रु.७६,४२०।(अक्षेरुपी छयहत्तर हजार चारसय वीसमात्र) नेपाल सरकार राजश्व अनुदानको अन्य कार्यालय सञ्चालन शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई विपन्न नागरिक आवास कार्यक्रम कार्यन्वयन समन्वय समितिको सिफारिसको आधारमा वडा नं ४ को लाभग्राहि गणेश वहादुर राई रहेकोमा हाल नीज वाहिर गएकोले निजको श्रीमती पार्वती राईको नाम लाभग्राहिमा कायम गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई मुख्यमन्त्री कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता जिल्ला भलिबल संघ भोजपुरको आयोजनामा भोजपुर जिल्लामा आयोजना हुने भएकोले सो प्रतियोगिताको लागि नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.५००००।(अक्षेरुपी पचासहजार मात्र) जिल्ला भलिबल संघ,भोजपुरलाई आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१२/११

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

२०८१/१२/११
अशोक राई
अध्यक्ष